श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

**(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)**

मिति: २०८२/०४/२०

## प्रेस- विज्ञप्ति

नेपाल निजामती कर्मचारी संगठन आम कर्मचारीहरुका काम, कर्तव्य र दायित्वप्रति बफादार रही पेसागत हकहितको संरक्षण एवं सम्वद्र्धन गर्न निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरिकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न, निजामती कर्मचारीहरुमा जनसेवाको भावना विकसित गरी गरिमामय र सम्मानित सेवाको रुपमा स्थापित गराउने उद्देश्यका साथ २०४७ सालमा स्थापित निजामती क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियन हो । संगठन आफ्ना पेसागत हकहित, अधिकारमा मात्र केन्द्रीत नभई राष्ट्र रुपान्तरणका सवालमा जनचाहना अनुसार निरंकुश शासन प्रणाली विरुद्ध क्रियाशील रही मुलुकमा लोकतन्त्र, गणतन्त्र, संविधान र शान्तिको पक्षमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । निजामती कर्मचारीहरुले मुलुकको विभिन्न ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनहरुमा सहभागी हुदै २०६२/०६३ को जनआन्दोलनमा समेत महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएको व्यहोरा विदितै छ ।

संगठनले आफ्ना पेसागत माग मुद्धाहरु उठाउने क्रममा साहदत प्राप्त गर्नु भएका सहिदहरुको सम्मानमा हरेक वर्ष विभिन्न कार्यक्रम संचालन गरि सहिद हरुलाई सम्झने काम गरिरहेको छ भने केन्द्रीय कार्य समितिद्धारा श्रावण १५ गते सहिद स्मृती मूल समारोहका कार्यक्रम गर्दै आएको छ । सहिद स्मृती दिवस २०८२का सन्दर्भमा उत्कृष्ट कार्य समिति घोषणा, विविध खेलकुद प्रतियोगितामा सहभागी खेलाडी तथा ट्रेड युनियनहरुलाई पुरस्कार वितरण, बढुवा तथा सेवा निवृत्त अग्रज संगठकहरुलाई सम्मान कार्यक्रम गरी मूल समारोहको कार्यक्रम भव्यतापूर्वक सम्पन्न भएको छ भने प्रदेश, जिल्ला/विभागीय कार्य समितिहरुले रचनात्मक तथा सामाजिक कार्य गरी सहिद दिवस मनाई रहेका छन् ।

**केन्द्रीय कार्य समितिबाट सम्पन्न भएका कार्यक्रमहरु निम्नानुसार रहेका छन् ।**

**१. उपत्यका स्तरिय कविता प्रतियोगिता (भानु जयन्ती २०८२ असार २९ गते)**

1.प्रथम – श्री अन्जु न्यौपाने, कुमारीचोक अड्डा
2.द्वितीय - श्री गोविन्द न्यौपाने, पर्यटन विभाग
3.तृतीय - श्री निरज दहाल, संघीय संसद सचिवालय

**2.अन्तर ट्रेड युनियन पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता (मिति २०८२/४/९ र १० गते)**

१. प्रथम – नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन टिम श्री कृष्ण सलामी/ठगेन्द्र राना
२. द्वितीय – नेपाल निजामती कर्मचारी युनियन टिम श्री सिद्धराज ओझा/ रमेश उपरकोटी

3. **अन्तर ट्रेड युनियन महिला डबल ब्याडमिन्टन प्रतियोगिता (मिति २०८२/४/९ र १० गते)**

१. प्रथम - नेपाल निजामती कर्मचारी संगठन टिम, श्री सरिता कटुवाल/ भवानी सापकोटा
२. द्वितीय- नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन टिम, श्री शारदा विष्ट/ सरुणा थापा

4. **राष्ट्रब्यापी रनिङ्ग शिल्ड हाजिरी जवाफ प्रतियोगिता (मिति २०८२/४/१२ र १३ गते)**

| | |
|---|---|
| 1. प्रथम -संघीय संसद सचिवालय | - तारा खतिवडा/ छविराज ढुंगाना/ दिपक काफ्ले |
| 2. द्वितीय -महान्यायाधिवक्ता विभागीय कार्य समिति | - सञ्जिव पण्डित /डिजे बजगाई/ पार्कल देवान |
| 3. तृतीय- भक्तपुर जिल्ला कार्य समिति | - अनुजा पौडेल/ गिरिजा प्र. चौलागाइ/ईश्वर काफ्ले |
| 4. चौथो- शिक्षा विभागीय कार्य समिति | - प्रशान्त भट्टराई/ सलिना कार्की/ पुष्पा के.सी. |

5. **वृक्षारोपण तथा गोडमेल कार्यक्रम (मिति २०८२/४/ १० गते)**

तीनकुने पुल भन्दा माथि, बानेश्वर क्याम्पस नजिक बाग्मती करिडोरमा अवस्थित नेपाल निजामती कर्मचारी संगठनको संरक्षणमा रहेको **"सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति वाटिका"**

6. **बृहत् रक्तदान कार्यक्रम (मिति २०८२/४/११ गते)**

सहिद स्मृती केन्द्रीय भवन बबरमहल, काठमाडौंको सभाहलमा वृहत् रक्तदान कार्यक्रम आयोजना गरि २०६ पिन्ट रगत संकलन गरिएको थियो ।

7. मूल समारोह कार्यक्रम (मिति २०८२/४/१५ गते)

मूल समारोहको कार्यक्रम केन्द्रिय अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षता र नेकपा एमाले महासचिव तथा लुम्बिनी प्रदेशका पहिलो मुख्यमन्त्री श्री शंकर पोखरेलको प्रमुख आतिथ्यता साथै अन्य अतिथि तथा पेसागत महासंघ नेपालका पदाधिकारी तथा सदस्य, राष्ट्रियस्तरका ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरु विभिन्न पेसागत संगठनका पदाधिकारी तथा सदस्य एवं सहिद परिवार सुरेन्द्र वि.क.का सुपुत्र नविन विश्वकर्माको आतिथ्यतामा सहिद स्मृति दिवसको सन्दर्भमा सञ्चालित विविध कार्यक्रमहरुको पुरस्कार वितरण तथा देहायका सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

**क.** ८ बर्षको उमेरदेखि कमलरीमा रहेको कमलरी मुक्त भएपश्चात् राजनीतिको यात्रा संविधान सभा सदस्य, नेकपा एमाले सचेतक हुँदै हाल नेकपा एमाले पोलिट्ब्युरो सदस्य, ४० वर्ष मा एस.एल.सी. उर्तिण गरि हाल स्नातक तह तृतिय वर्ष मा अध्ययनरत, प्रेरणाको स्रोत स्वउद्यमी शान्ताको अचार उद्योका संचालक शान्ता चौधरीलाई सम्मान गरिएको थियो ।

**ख.** संगठनको विभिन्न पदको जिम्मेवारीमा रहि निजामती सेवा निवृत्त देहायका निवर्तमान तथा पूर्व केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई सम्मान गरिएको थियो ।

१. निवर्तमान अध्यक्ष - श्री लेखनाथ कोइराला
२. निवर्तमान कोशी प्रदेश इन्चार्ज - श्री लक्ष्मी प्रसाद गुरागाई
3. निवर्तमान सचिवालय सदस्य - श्री अशोक पोखरेल
4. निवर्तमान केन्द्रीय सदस्य - श्री बुद्धि बहादुर घिमिरे
5. निवर्तमान केन्द्रीय सदस्य - श्री फणिन्द्र प्रसाद खनाल
6. पूर्व केन्द्रीय सदस्य - श्री रुक्मिणी अधिकारी
7. पूर्व केन्द्रीय सदस्य - श्री निलकण्ठ पौडेल

**ग.** नेपाल सरकारको उपसचिव पदमा नियुक्ति तथा बढुवा हुनु भएका केन्द्रीय पदाधिकारी तथा सदस्यहरु र जिल्ला/ विभागिय अध्यक्ष तथा पदाधिकारी हरुलाई सम्मान गरिएको छ ।

1.केन्द्रीय सदस्य - श्री अनुप ढकाल, उपसचिव
2. केन्द्रीय सदस्य - श्री सुरेन्द्र बहादुर शाही, अधिकृत नवौं
3. केन्द्रीय आयोग सदस्य - श्री खगेन्द्र बर्देवा, उपसचिव
4. निवर्तमान सचिवालय सदस्य - श्री पुष्पराज जोशी, उपसचिव
5. निवर्तमान केन्द्रीय सदस्य - श्री रमेश भट्टराई, उपसचिव
6. अर्थ विभागीय कार्य समितिको अध्यक्ष - श्री चुरामणी अर्याल, उपसचिव
7. महान्याधिवक्ताको विभागीय कार्य समितिको सचिव- श्री सुवास भट्टराई, उपसचिव

**घ.** आ.व. २०८१/०८२ मा प्रदेश भित्र उत्कृष्ट काम गर्ने /जिल्ला/ विभागीय कार्य समितिहरु र र सोहि आ.व.मा उत्कृष्ट काम गर्ने प्रदेश कार्यसमितिलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

१. प्रदेश कार्यसमिति - सुदुरपश्चिम प्रदेश कार्यसमिति
2. कोशी प्रदेश - जिल्ला कार्य समिति, इलाम
3. मधेश प्रदेश - जिल्ला कार्य समिति, पर्सा
4. बागमती प्रदेश - जिल्लला कार्य समिति, ललितपुर
5. गण्डकी प्रदेश - जिल्ला कार्य समिति, तनहुँ
6. लुम्बिनी प्रदेश - जिल्ला कार्य समिति, रुपन्देही
7. कर्णाली प्रदेश - जिल्ला कार्य समिती, कालीकोट
8. सुदुर पश्चिम प्रदेश- - जिल्ला कार्य समिति, बैतडी
9. उपत्यका प्रदेश - विभागीय कार्य समिति, संघीय संसद सचिवालय
10. उपत्यका प्रदेश - विभागीय कार्य समिति, महालेखापरीक्षकको कार्यालय

नेपाल निजामती कर्मचारी संगठनको सहिद स्मृती दिवस २०८२ मा भएका विभिन्न कार्यक्रम सम्पन्न गर्न सहयोग पुर्याउनु हुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु संगठनका पदाधिकारी, प्रदेशका ईन्चाज, आयोगका संयोजक, केन्द्रीय सचिवालय सदस्य तथा आयोगका सदस्यहरु लगायत सहभागीहरु साथै व्यवस्थापन कार्यमा अहोरात्र खटिने विभिन्न समितिका संयोजक तथा सदस्यहरु एवं सम्पूर्ण संगठक एवं कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद तथा संगठनका प्रदेश, जिल्ला÷विभागीय कार्य समितिहरु बाट भएका विविध कार्यक्रम संचालन गरि भव्य रुपमा मनाउने कार्य समितिहरुलाई हार्दिक धन्यबाद प्रदान गर्दै संगठनले गरेका सम्पूर्ण कार्यक्रमको प्रचार प्रसार, प्रकाशन तथा सम्प्रेषण गरी दिनु भएकोमा आम सञ्चारकर्मी मित्रहरुमा संगठनको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

हार्दिक अभिवादन सहित !

रामचन्द्र अधिकारी
महासचिव